# सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
रुपन्देही, ५ नं. प्रदेश, नेपाल
२०७३

च.नं.:-

पंसं.:-०७५/७६

मिति: २०७५/०९/१५

### साना सिचाई निर्माण तथा मर्मतका लागि निबेदन सम्बन्धी सूचना !!!

सैनामैना नगरपालिका रुपन्देहीको आ.ब. २०७५।७६ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार साना सिचाई निर्माण तथा मर्मत सञ्चालन गरीने साना सिचाँईका लागि कृषि बिकास शाखा तर्फको अनुदानका लागि कृषक समुहहरुलाई बढीमा रु १,५०,०००.००(अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र) अनुदान दिने रहेकोले नेपाल सरकारको निकायमा दर्ता भई सञ्चालनमा रहेका कृषि पेशासंग आबद्ध कृषक समुह, उपभोक्ता समिति, कृषि संग आबद्ध सहकारी संस्थाहरुले तपशिल बमोजिमको प्रक्रिया पुऱ्याई निवेदन आव्हानको लागि तोकिएको म्याद भित्र रु. १०। को टिकट टाँस गरी यस नगरपालिकाको कृषि बिकास शाखामा माग सम्बन्धी निबेदन पेश गर्नुहुन सूचना प्रकाशित गरीएको छ ।

**तपशिल :**

- निबेदन पेश गर्ने अन्तिम मिति २०७५।१०।११ गते सम्म हुनेछ ।
- सैनामैना नगरपालिकाको कृषि शाखाको ढाँचा अनुसारको आवेदन यस कार्यालयमा पेश गनुपर्नेछ ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र पेश गनुपर्नेछ ।
- आयोजना माग गर्ने कृषि सहकारी/कृषक समुहको निर्णयको प्रतिलिपि ।
- सम्बन्धित कृषि सहकारी/कृषक समुहबाट रु. १००।(एक सय रुपैया मात्र) राजश्व दाखिला गरी रसीद पेश गर्नुपर्नेछ ।
- कृषि समुह/कृषि सहकारी संस्थाले दर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
- आवेदनको छनौट गर्दा पिछडिएका बर्ग तथा बिपन्न बर्गका समुहलाई ब्यवसायिक रुपमा खेती गर्ने कृषि सहकारी/समिति/कृषक समुहलाई प्रथमिकता दिईनेछ ।
- अन्य निकायहरुबाट साझेदारी जुटाउने प्रतिबद्धता प्राप्त भएका आयोजनाहरुलाई प्रथमिकता दिईनेछ ।
- छनौट भएका आयोजनाहरुमा उपभोक्ताहरुबाट कूल इष्टिमेट रकमको कम्तिमा १५ प्रतिशत हुन आउने रकम नगद जिन्सी वा श्रमदान जुटाई सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्नेछ ।
- आवेदनको छनौट प्रक्रिया सैनामैना नगरपालिकाको कृषि ब्यवसाय प्रवर्द्धन समितिद्धारा गरीनेछ ।
- छनौट भएका आयोजनाहरु यसै आर्थिक बर्ष ०७५।७६ तोकिएको म्याद भित्र सम्पन्न गनुपर्नेछ ।

नोट: थप जानकारीको लागी सैनामैना नगरपालिकाको कृषि बिकास शाखा मुर्गियामा सम्पर्क गर्न सकिनेछ ।

साधु शरण यादव
(कृषि प्रसार अधिकृत)
कृषि बिकास शाखा